# खजुरा गाउँपालिका

## आर्थिक ऐन २०७९

नेपालको संविधान २०७२ को भाग १८ धारा २२६(१) अनुसार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ ले दिएको अधिकार बमोजिम जारी गरिएको

गाउँसभाबाट पारित मितिः २०७९।३।१०

खजुरा गाउँपालिका, खजुरा, बांके
लुम्बिनी, नेपाल

# खजुरा गाउँपालिकाको आर्थिक ऐन २०७९

## खजुरा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः**खजुरा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खजुरा गाउँ सभासभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि खजुरा गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गाको मुल्याकन गरि तोकिएको दरमा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिकाक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **घर नङ्कशा पास दस्तुर :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र घर नक्शा पास गर्दा अनुसूची १४ मा उल्लिखित दर अनुसार दस्तुर लिइ घर नङ्कशा पास गरिनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# अनुसुची (१)

## (क) घर जग्गाको मुल्याकन

खजुरा गाऊं पालिकाले गाँऊपालिका क्षेत्रभित्रको घर जग्गाहरुमा देहाय बमोजिम घर जग्गाको न्यूनतम मुल्यांकन कायम गरि सम्पत्ति कर असुल उपर गर्ने छ ।

**घर मूल्यांकन दर**

| **क.सं.** | घर को न्यूनतम मुल्यांकन | **प्रति वर्ग फिट** | कैफियत |
|---|---|---|---|
| **१** | इट्टाको देवाल लगाई ढलान गरेको घर | **८००।-** | |
| **२** | पिलर लगाई ढलान गरेको घर | **१२००।-** | |
| ३ | फलामको ट्रष्ट लगाई बनाएको टहरो | ५००।- | |
| | **वर्ग फिटमा उल्लेख गर्न नसक्ने घरको हकमा** | | |
| क | कच्ची घर | ३ लाख | |
| ख | एक तले पक्की घर | १० लाख | प्रत्येक तलामा सोही अनुसार थप |

**जग्गाको मूल्यांकन निम्नानुसार हुने**

| **क.सं.** | जग्गा मूल्य | **प्रति कठठा** | कैफियत |
|---|---|---|---|
| **१** | नेपालगंज गुलरिया सडक खण्डको वडा नं. ३,४ र ५ को राजमार्ग संग जोडिएको दाया बाया जग्गा | **रु. २५ लाख** | सबै खालको |
| **२** | नेपालगंज गुलरिया सडक खण्डको वडा नं. ६ र ७ को राजमार्ग संग जोडिएको दाया बाया जग्गा | **रु. १५ लाख** | सबै खालको |
| ३ | पक्की सडकले छोएको वडा नं.३,४,५,६ र ७ नं. वडाहरु | **रु. १० लाख** | सबै खालको |
| ४ | पक्की सडकले छोएको वडा नं.३,४,५,६ र ७ नं. वडाहरु बाहेक अन्य वडाहरु | रु. ८ लाख | सबै खालको |
| ५ | ग्राभेल सडकले छोएको जग्गा | रु. ४ लाख | सबै खालको |
| ६ | कच्ची सडकले छोएको जग्गा | रु. २ लाख | सबै खालको |
| ७. | बाटोले नछोएको कित्ताको खेती योग्य जग्गा | रुं. १ लख | सबै खालको |
| ८. | नदि,खोला,बगर, कटान हुन सक्ने बाटोले नछोएको कित्ताको जग्गा | रु. ५० हजार | सबै खालको |

## (ख) सम्पत्ति कर

खजुरा गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले सम्पत्ति कर निम्न दररेट भित्र रही लागु गरि असुल उपर गर्ने छ ।

| सि.न | देखि | सम्म | दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ५,००,००० | २५ | |
| २ | ५,००,००१ | १०,००,००० | १०० | |
| ३ | १०,००,००१ | १५,००,००० | १५० | |
| ४ | १५,००,००१ | २०,००,००० | २०० | |
| ५ | २०,००,००१ | २५,००,००० | २५० | |
| ६ | २५,००,००१ | ३०,००,००० | ३०० | |
| ७ | ३०,००,००१ | ३५,००,००० | ३५० | |
| ८ | ३५,००,००१ | ४०,००,००० | ४०० | |
| ९ | ४०,००,००१ | ४५,००,००० | ५०० | |
| १० | ४५,००,००१ | ५०,००,००० | ६०० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | ५०,००,००१ | ६०,००,००० | ८०० | |
| १२ | ६०,००,००१ | ७०,००,००० | १००० | |
| १३ | ७०,००,००१ | ८५,००,००० | १३०० | |
| १४ | ८५,००,००१ | १००,००,००० | १६०० | |
| १५ | १००,००,०००१ | १,१५,००,००० | २१०० | |
| १६ | १,१५,००,००१ | १,३०,००,००० | २६५० | |
| १७ | १,३०,००,००१ | १,५०,००,००० | ३३०० | |
| १८ | १,५०,००,००१ | १,७५,००,००० | ४३०० | |
| १९ | १,७५,००,००१ | २,००,००,००० | ५५०० | |
| २० | २,००,००,००१ | माथी जति सुकै भए पनि | प्रति लाख रु. ५० थप | |

# अनुसुची (२)

## मालपोतको दर रेट

| जग्गाको वर्ग | दर प्रति कठठा रु. | जरीवाना | कैफियत |
|---|---|---|---|
| अव्वल | २५ | वार्षिक १० प्रतिशत | सवै खालको |
| दोयम | २० | वार्षिक १० प्रतिशत | खेतीयोग्य जग्गा |

सम्पत्ति कर लागु भए पछि छुट्टै भुमि कर उठाइने छैन । सम्पत्ति कर लागु हुनु अगाडिको बाँकी मालपोत (भुमि कर) साविकमा उल्लेख भएको दररेटमा नियमानुसार शुल्कको १० प्रतिशत वार्षिक जरिवाना लिई असुल उपर गरिने छ ।

# अनुसुची (३)

**बहाल कर**

खजुरा गाऊं कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा संम्फौता पत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ । निर्धारण गरेको दरमा गाउँपालिकाले १० प्रतिशत घरबहाल कर एंव अन्य वहाल कर उठाउने छ ।

# अनुसुची (४)

## व्यवसाय  करको दर (वार्षिक दर्ता तथा नवीकरण शुल्क)

| | | |
|---|---|---|
| १ | सबै खालको खुद्रा पसल (सुर्ति, मदिरा, गुट्का बाहेक) | ५०० |
| २ | किराना पसल(चामल, दाल, तरकारी, चिसो पेय पदार्थ समेत) | १००० |
| ३ | सुर्ति, मदिरा, गुट्काको खुद्रा पसल | १५०० |
| ४ | सबै खालको होल सेल, डिलर, डिष्ट्रीव्युटर | २००० |
| ५ | कपाल काट्ने नाईको पसल,पान पसल | ५०० |
| ५ | कम्प्युटर टाइपिंग, फोटो कपी सेवा, पी.सी. ओ. सेवा आदि | ५०० |
| ६ | इन्जिनियरिंग सम्बन्धी परामर्शदाता (कन्सल्टेन्सी) | ३००० |
| ७ | साना उद्योग दर्ता शुल्क | १००० |
| ८ | मध्यम उद्योग दर्ता शुल्क | ३००० |
| ९ | ठुलो उद्योग दर्ता शुल्क | १०००० |
| १० | (क) सेलर मिल (व्यवसायिक रुपमा आफ्नै व्राण्ड विक्री गर्ने)<br>(ख) सेलर मिल (सेवा मुखी) कुटानी पिसानी गरिदिने /गर्ने | ५०००<br>१००० |
| ११ | एन.जी.ओ. दर्ता | १००० |
| १२ | सहकारी संस्था दर्ता | १००० |
| १३ | मेडिकल वा सर्जिकल पसल खुद्रा | १००० |
| १४ | मेडिकल वा सर्जिकल पसल होल सेलर | २००० |
| १५ | सुर्ति उद्योग वा मदिरा उद्योग | १५००० |
| १६ | व्यवसाय दर्ता (गैर नेपालीको नाउंमा सम्वन्धित दुतावासको सिफारिशमा) | १०००० |
| १७ | मेडिकल क्लीनिक | २००० |

| | | |
|---|---|---|
| १८ | सामुदायिक अस्पताल | २५०० |
| १९ | व्यावसायिक अस्पताल तथा पोलिक्लिनिक | १०००० |
| २० | ल्याव/प्याथोलोजी | १००० |
| २१ | पेट्रोल पम्प | १०००० |
| २२ | ईट्टा भट्टा | २५००० |
| २३ | केशर तथा हयुम पाईप उद्योग | १५००० |
| २४ | मन्दिर, मस्जिद, गुम्बा, चर्च आदी धार्मिक संस्था | ५०० |
| २५ | स-मिल/प्लाईउड मिल | १२००० |
| २६ | फर्निचर उद्योग | ३००० |
| २७ | फर्निचर शोरुम | ३००० |
| २८ | पानी उद्योग | ३००० |
| २९ | पाउरोटी/दालमोट/चाउमिन/मैनवत्ती/अगरबत्ती/सश उद्योग | १५०० |
| ३० | अफसेट प्रेस/स्क्रिन /भिडियो मिक्सीङ्ग/फलेक्स पिन्ट | १५०० |
| ३१ | जुत्ता उद्योग | १५०० |
| ३२ | ग्रिल उद्योग/आल्मुनियम पसल | १००० |
| ३३ | वर्कसप (गाडि/मोटरसाइकल) | २००० |
| ३४ | टेलरिङ्ग | १००० |
| ३५ | कस्मेटिक/व्युटिपार्लर | १००० |
| ३६ | घडी/रेडियो/मोवाइल/इलेक्ट्रोनिक्स पसल | १५०० |
| ३७ | इलेक्ट्रीकल पसल | १५०० |
| ३८ | कपडा पसल (काचो कपडा) | १००० |
| ३९ | कपडा फेन्सी पसल | १००० |
| ४० | चस्मा पसल | १००० |
| ४१ | एग्रोभेट | १००० |
| ४२ | हार्डवयेर सिमेन्ट,सरिया,जस्ता पसल | ५००० |
| ४३ | सिमेन्ट,सरिया, जस्ता वाहेक अन्य हार्डवयेर पसल | ३००० |
| ४४ | हार्डवयेर पसलमा कलर(रङ्ग) समावेश भएकोलाई थप | १००० |

| | | |
|---|---|---|
| ४५ | साइकल पसल | १००० |
| ४६ | साइकल डिलर | ५००० |
| ४७ | घडी/रेडियो/टिवी/पंखा/साइकल मर्मत | ५०० |
| ४८ | टेन्ट हाउस | १००० |
| ४९ | फलफूल/तरकारी पसल | ५०० |
| ५० | भाडा पसल | १००० |
| ५१ | सिरक/डसना | १००० |
| ५२ | ग्यास सव-डिलर | १५०० |
| ५३ | होटल तथा लज | २५०० |
| ५४ | रेष्टुरेन्ट | १००० |
| ५५ | कटेज/पार्टी प्यालेस | २००० |
| ५६ | खाजा/चिया/मिठाई पसल | ५०० |
| ५७ | सुन/चांदी सोरुम सहित पसल | ३००० |
| ५८ | सुन/चांदी सोरुम बाहेक पसल | २००० |
| ५९ | **मासु पसलः** | |
| ५९.१ | कुखुरा/हांस मासु पसल | ७०० |
| ५९.२ | खसी/बोका/भेडा मासु पसल | १००० |
| ५९.३ | रांगो मासु पसल | २००० |
| ५९.४ | बंगुर मासु पसल | २००० |
| ६० | **वित्तीय संस्थाः** | |
| ६०.१ | बैंक (बाणिज्य/विकास) | ५००० |
| ६०.२ | मनि ट्रान्सफर | ३००० |
| ६०.३ | सहकारी बैंक | ३००० |
| ६०.४ | विमा कम्पनी/ लघु वित्त | ३००० |
| ६१ | गल्ला(खाद्यन्न खरिद/विक्री) | ५००० |
| ६२ | इन्टरनेट सेवा | ३००० |
| ६३ | लेखापरिक्षण/कानुनी सेवा/यस्तै अन्य सेवा | १५०० |

| | | |
|---|---|---|
| ६४ | टायल /व्लक इट्टा उद्योग | १००० |
| ६५ | माछा /कुखुरा/भैसी/बाखा/गाई/बंगुर जस्ता कृषि फर्म र कृषि समुह | ५०० |
| ६६ | व्यवसाय बन्द दस्तुर | १०० |
| ६७ | व्यवसाय नामसारी दस्तुतर | ५०० |
| ६८ | घ वर्गको निर्माण इजाजत दस्तुर | ३५००० |
| ६९ | घ वर्गको निर्माण इजाजत नविकरण(समय भित्र) | ५००० |
| ७० | घ वर्गको निर्माण इजाजत समय सिमा बाहेक जरिवाना समय सिमा बाहेक पहिलो तिन महिना सम्म नविकरणको ५० प्रतिशत सो पश्चात सत प्रतिशत जरिवाना लाग्ने छ। | |
| ७० | इजाजत प्राप्त निर्माण कम्पनीहरु सुचिकृत दस्तुर | १००० |
| ७१ | कम्पनी रजिष्ट्राको कार्यालयमा दर्ता भई खजुरा गाउँपालिकामा संचालित उद्योगहरु सुचिकृत दस्तुर | १०००० |
| ७२ | घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई खजुरा गा.पा.मा संचालित इट्टा उद्योगहरु सुचिकृत दस्तुर | ५००० |
| ७३ | घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई खजुरा गा.पा.मा संचालित उद्योगहरु(इट्टा उद्योग बाहेक) सुचिकृत दस्तुर | १५०० |
| ७४ | घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई खजुरा गा.पा.मा संचालित कृषि/पशु फर्महरु सुचिकृत दस्तुर | ५०० |
| ७५ | वाणिज्य कार्यालयमा दर्ता भई खजुरा गा.पा.मा संचालित व्यवसायिक फर्महरु सुचिकृत दस्तुर | १००० |

# <u>अनुसुची (५)</u>

**<u>जडीबुटी कबाडी र जीवजन्तु  कर :</u>**
**दफा (६) संग सम्बन्धीत**

*<u>जडिबुटी, कवाडी माल करको दररेट</u>*

ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल, जीबितजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ., प्वाखँ, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत जडीबुटी, कवाडी र जीबजन्तु कर लाग्नेछ । उल्लिखित मालसामानका हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यबिधि खजुरा कार्य पालिकाले तोके बमोजिम हुनेछ ।

क) कागजजन्य सामानका लागि प्रति किलोग्राम  पचास पैसा ,

ख)  फलामजन्य सामानका लागि प्रति किलोग्राम रु एक,

ग)  स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु  एक

घ)  अन्यका हकमा प्रति किलोग्राम रु दुई

# <u>अनुसुची (६)</u>

## <u>सवारी साधन कर</u>

गाऊंपालिका  भित्र ठेगाना रहने गरि दर्ता भएका तथा गाऊंपालिका  क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक सवारी कर निम्नानुसार हुनेः

क) ईन्जीनबाट चल्ने जुनसुकै  दुई पाङग्रे मोटर साइकल, स्कुटर वा यस्तै सवारी साधनको वार्षिक रु  एक सय ,

ख)  कार, जीप, भ्यान वा यस्तै चारपाङग्रे  सवारी साधनको वार्षिक रु पांच सय,

ग)  टेम्पु र ट्र्याक्टर वा यस्तै सवारी साधनको वार्षिक रु एक हजार

घ)  मिनि बस, मिनि ट्रक वा यस्तै चारपाङग्रे सवारी साधनको वार्षिक रु दुई हजार

ङ)  ठुला बस, ट्रक वा चारपाङग्रे सवारी साधनको वार्षिक रु तिन हजार

च)  हेभी गाडी, डोजर क्रेन,लोडर,रोलर वा यस्तै सवारी साधनको वार्षिक रु दश हजार

छ)  अन्य सवारी साधनको वार्षिक रु एक हजार ।

ज)  विद्युतीय उर्जाबाट संचालन हुने सवारी, कृषि कार्यमा प्रयोग गरिने सवारी साधनका हकमा शत     प्रतिशत छुट हुनेछ ।

# अनुसुची (७)

## विज्ञापन कर

विज्ञापन करको दररेट

क) विज्ञापन कर निम्नानुसार हुने :

१) भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइनेछैन ।

३) बाटाको सीमाना देखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन
सामग्री राख्न पाइनेछैन ।

४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै सरचनामा निर्माणकर्ताको नामबाहेक राखिएका जुनसुकै तस्बीर वा अक्षरको विज्ञापन कर छुट हुने छैन ।

५) भवन, जमिन, व्यापारिक वा व्यवसायीक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका
प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन ।

६) सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा खजुरा गाऊं कार्यपालिकाबाट निषेध गरिएका बिज्ञापन प्रचार प्रशार गर्न पाईने छैन ।

**ख) विज्ञापन करको दर :**

१) फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु एक सय,

२) होर्डिङ्ग बोर्ड, नियोन साईन, र यस्तै विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु तीन सय

३) डिजीटल बोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु दुई सय,

४) माल बाहक सवारी साधनको दायाबाया पट्टीको भागमा अधिकतम दश स्कवायर फुटसम्मको लागि प्रति दिन रु दश र स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामाग्रीका लागि प्रति वर्ष प्रति वर्ग फुट रु पचास ,

५) खेलकुद मैदान , मेला , जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार
सामाग्रीको अधिकतम पन्ध्र दिन र बीस स्कवायर फुटका लागि प्रति् दिन रु पचास र

६) सवारी साधनको छत (अधिकतम तीन फुट उचाईसम्म मात्र), दुई पाङ्गा बीचको भाग, पछाडीको सीसा ( सीसाको जम्मा भाग मध्येको अधिकतम पचास प्रतिशत सम्म मात्र ) मुख्य झयालको माथि पट्टीको भेन्टीलेशमा विज्ञापन प्रचार सामाग्रीको प्रति स्क्वायर फुट रु पचास ।

७) आकाशमा बेलुन,ज्याकेटमा वा बेलुन बोकेर गरिने विज्ञापन (प्रति दिन)रु. एकसय

८) अन्यको हकमा प्रति वर्ग फिट प्रति बर्ष रु. एक सय

# अनुसुची (८)

## मनोरन्जन कर

***मनोरञ्जन करको दररेट***

१) चलचित्र भवनहरुलाई चलचित्र प्रदर्शन गरेवापत प्रति चलचित्र प्रदर्शन स्थल (प्रति चलचित्र पर्दा) वापत वार्षिक निम्नानुसार मनोरन्जन कर असुलउपर गरिनेछ ।

१.१ अधिकतम तीस सीट क्षमता भएकाहरुले वार्षिक रु. १०,०००। (दश हजार)

१.२ अधिकतम पचास सीट क्षमता भएकाहरुले वार्षिक रु. २०,०००। (बीस हजार)

१.३ अधिकतम एक सय सीट क्षमता भएकाहरुले वार्षिक रु. ३०,०००। (तीस हजार)

१.४ एकसयदेखि माथिका सीट क्षमता भएकाहरुले वार्षिक रु. ५०,०००। (पचास हजार )

१.५ तीन महिनासम्म जादु सर्कस मेला सञ्चालन गराए वापत दैनिक रु. पचास मात्र ।

१.६ तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरन्जन प्रदायक कार्यक्रम संचालन गराए बापत मासिक रु तीन हजार

१.७ तारसहित रहेको केबुल सेवा रु. ३०००।-(तिन हजार)

# अनुसुची (९)

## बहाल बिटौरी कर

गाऊपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा थाप्न दिएको अस्थायी पसलहरुमा तोकिए बमोजिम बहाल बिटौरी कर लगाउन सक्नेछ

क) हाट बजार मा प्रति वर्ग फिट मासिक रु. ५।००

ख) बाटोको छेउको अस्थायी पसल प्रति पसल रु. १००।०० मासिक

ग) ऐलानी जग्गा व्यवसायिक कार्यका लागि प्रति कठ्ठा रु. १००।०० प्रति महिना

घ) अन्य क्षेत्रको हकमा :

१) कृषि योग्य एलानी/प्रति/सार्वजनिक जग्गाः प्रति कठ्ठा रु. ५० वार्षिक

२) घरबासमा प्रयोग भएको बढीमा २ कठ्ठा सम्मको रु. ३०० वार्षिक

# अनुसुची (१०)

पार्किङ्ग शुल्कको दररेटः

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी, कुनै पनि सडकको कुल चौडाईको २५ प्रतिशत भन्दा बढी भाग नओगटिने गरी, भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा निजी क्षेत्रलाई ठेक्का लगाई सवारी पार्किङ्ग व्यवस्थापन गर्न सक्ने । गाउँपालिकाले पार्किङ्ग स्थल बनाई व्यवस्था गरेमा गाउँसभाले तोके बमोजिम हुने छ ।

# अनुसुची (११)

## ट्रेकिंग ,कोयोकिंग, क्यानोइंग, बन्जी जम्पिंग, जिप फलावर र ऱ्याफ्टिङ्ग शुल्क

यस संम्बन्धी व्यबस्था खजुरा गाऊं कार्यपालिकाले तोके बमोजीम हुनेछ ।

# अनुसुची (१२)

**सेवा शुल्क दस्तुर**

गाउँपालिकाले दिने सेवाको लागी निम्न वमोजिम सेवाशुल्क लगाउन सक्ने व्यवस्था गरेको छ ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | सामान्य सिफारिस | १००।०० |
| २ | नागरिकता सिफारिस | १००।०० |
| ३ | अंगीकृत नागरिकता सिफारिश | १५०।०० |
| ४ | विपन्न विद्यार्थी सिफारिश | निशुल्क |
| ५ | अपांङ्ग सिफारिश | निशुल्क |
| ६ | छात्रबृति सिफारिश | १००।०० |
| ७ | सर्जमिन सिफारिस | ३००।०० |
| ८ | जग्गा खरीद बिक्रि सिफारिश | ५००।०० |
| ९ | व्यवसाय दर्ता सिफारिश | ५००।०० |
| १० | व्यवसाय नामसारी सिफारिश | ५००।०० |
| ११ | व्यवसाय बन्द सिफारिश | ५००।०० |
| १२ | व्यवसाय संचालन नभएको सिफारिश (जति बर्ष भए पनि) | २००।०० |

| | | |
|---|---|---|
| १३ | घर नक्सा पास सिफारिस | ५००।०० |
| १४ | घर कायम सिफारिश | ५००।०० |
| १५ | मोही लगत कट्टा | २५०।०० |
| १६ | चार किल्ला प्रमाणित (प्रति घडेरी) | ४००।०० |
| १७ | चार किल्ला प्रमाणित (खेती योग्य जमीन) | २००।०० |
| १८ | घर बाटो नभएको प्रमाणीत | २००।०० |
| १९ | नाता प्रमाणित | २००।०० |
| २० | जन्म दर्ता शुल्क(३५ दिन पछिकोहकमा) | २००।०० |
| २१ | मृत्यु दर्ता(३५ दिन भित्र निशुल्क) | २००।०० |
| २२ | विवाह दर्ता  दस्तुर (३५ दिन नाघेमा) | २००।०० |
| २३ | अंग्रेजिमा सिफारिस वा प्रमाणित दस्तुर | ५००।०० |
| २४ | जन्म/मृत्यु/विवाह/अविवाहित प्रमाणित | १००।०० |
| २५ | नागरिकता प्रतिलिपी सिफारिस | १५०।०० |
| २६ | पञ्जिकरण प्रतिलिपि | ५००।०० |
| २७ | नाम ,थर, जन्ममिति शंशोधन सिफारिस | ४००।०० |
| २८ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी (आवासीय/कृषि) | २००।०० |
| २९ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी व्यवसायीक | ५००।०० |
| ३० | ट्रेस नक्सा निर्माण तथा प्रमाणित एक कित्ता माग भएमा | २००।०० |
| ३१ | ट्रेस नक्सा प्रमाणित एक कित्ता माग भएमा | २००।०० |
| ३२ | ट्रेस नक्सा १ कित्ता भन्दा बढी भाग भएमा प्रति कित्ता थप | ५०।०० |
| ३३ | पेन्सन पट्टा सिफारिस (स्वदेशी संस्थामा) | ५००।०० |
| ३४ | पेन्सन पट्टा सिफारिस (विदेशी संस्थामा) | १०००।०० |
| ३५ | औद्योगिक प्रयोजनको लागि ठूलो सर्जमिन दस्तुर | २०००।०० |
| ३६ | औद्योगिक प्रयोजनको लागि सानो सर्जमिन दस्तुर | ८००।०० |
| ३७ | व्यवसायिक प्रयोजनको लागि ठूलो सर्जमिन दस्तुर | ८००।०० |
| ३८ | व्यवसायिक प्रयोजनको लागि सानो सर्जमिन दस्तुर | ५००।०० |

| | | |
|---|---|---|
| ३९ | स्थानीय ठेगाना प्रमाणित सिफारिस | २००।०० |
| ४० | वडा सिफारिस दस्तुर | ००।०० |
| ४१ | मिलापत्र दस्तुर | ५००।०० |
| ४२ | जग्गा दर्ता सिफारिस प्रति कठ्ठा(घडेरी भएमा,न्युनतम एक कठठाको) | १००।०० |
| ४३ | जग्गा दर्ता सिफारिस प्रति विगाहा(खेती योग्य भएमान्युनतम एक विगाको) | ५००।०० |
| ४४ | राजिनामा/बकसपत्र सिफारिस | ५००।०० |
| ४५ | जग्गा सिमा विवादमा सिमांकन सेवा शुल्क | २०००।०० |
| ४६ | फिल्ड रेखांकन पहिलो कित्ता | २०००।०० |
| ४७ | फिल्ड रेखांकन थप प्रतिकित्ता | १०००।०० |
| ४८ | कार्य अनुभव सिफारिश पत्र | ५००।०० |
| ४९ | नयाँ संस्था दर्ता सिफारिश | २००।०० |
| ५० | व्यवसाय नवीकरण सिफारिस | १००।०० |
| ५१ | आय स्रोत प्रमाणित सिफारिस (आयको) | ०।१०प्रतिशत |
| ५२ | निजी विद्यालय अपग्रेड सिफारिस | २०००।०० |
| ५३ | आधारभुत विद्यालय सम्मको लागि | १०००।०० |
| ५४ | मा.वि. सम्मको लागि | २०००।०० |
| ५५ | प्राथमिक विद्यालय दर्ता सिफारिश | १०००।०० |
| ५६ | उद्योग स्थापना सिफारिस | ५००।०० |
| ५७ | उद्योग नामसारी तथा ठाउँसारी सिफारिस | ५००।०० |
| ५८ | पशु वस्तु (राँगा भैंसी, गोरु) को निकासी सिफारिस प्रतिगोटा | ५०।०० |
| ५९ | खसी निकाशी सिफारीस प्रति गोटा | २०।०० |
| ६० | घर जग्गा नामसारी सिफारिश दस्तुर | ५००।०० |
| ६१ | कृषि तथा पशु पन्छी फर्म दर्ता सिफारिश | १००।०० |
| ६२ | कमजोर आर्थिक अवस्था सिफारिश | ५०।०० |
| ६३ | बलियो आर्थिक अवस्था सिफारिश | १०००।०० |
| ६४ | जडीबुटी निकासी सिफारिश प्रति किलो (न्युनतम रु. १०० लिइने छ) | १।०० |

| | | |
|---|---|---|
| ६५ | बालुवा/माटो निकासी सिफारिश प्रति ट्रिप | ५०।०० |
| ६६ | कृषि कार्यका लागि गरिने सिफारिस | ५०।०० |
| ६७ | नक्सा पास निवेदन फाराम | १०००।०० |
| ६८ | अन्य सिफारीश | ३००।०० |
| ६९ | कु-काठ बाहेकका अन्य रुख कटान प्रति रुख | ४००।०० |
| ७० | कु-काठ रुख प्रति रुख | ५०।०० |
| ७१ | अनुमति वा कक्षा थपका लागि निवेदन दस्तुर | ५००।०० |
| ७२ | बालविकास वा पूर्वप्राथमिक कक्षा अनुमति | १०००।०० |
| ७३ | आधारभूत तह प्राथमिक कक्षा अनुमति | १५००।०० |
| ७४ | आधारभूत तह निमावि अनुमति | २०००।०० |
| ७५ | माध्यमिक तह कक्षा ९ र १० अनुमति | ४०००।०० |
| ७६ | माध्यमिक तह कक्षा ११ र १२ अनुमति | १००००।०० |
| ७७ | बालविकास वा पूर्वप्राथमिक कक्षाको ठाउँसारी | २५००।०० |
| ७८ | प्रथमिक कक्षाको ठाउँसारी | ४०००।०० |
| ७९ | आधारभूत तह निमावि तह ठाउँसारी | ५०००।०० |
| ८० | माध्यमिक तह ठाउँसारी | १००००।०० |
| ८१ | भौतिक सुधारका लागि प्रदेश तथा संघीय सरकार र अन्य निकायलाई सिफारिस दस्तुर | ५००।०० |
| ८२ | पालिका भित्र पारस्परिक सरुवा बालविकास शिक्षकका लागि सहमति | २००।०० |
| ८३ | पालिकाभित्र पारस्परिक सरुवा प्राथमिक शिक्षकका लागि सहमति | ५००।०० |
| ८४ | पालिकाभित्र पारस्परिक सरुवा निमावि शिक्षकका लागि सहमति | ११००।०० |
| ८५ | पालिकाभित्र पारस्परिक सरुवा माध्यमिक शिक्षकका लागि सहमति | १२००।०० |
| ८६ | जिल्लान्तर सरुवा प्राथमिक तहका लागि सिफारिस | २५००।०० |
| ८७ | जिल्लान्तर सरुवा निम्न माध्यमिक तहका लागि सिफारिस | ३०००।०० |
| ८८ | जिल्लान्तर सरुवा माध्यमिक तहका लागि सिफारिस | ३५००।०० |
| ८९ | कक्षा ८ को परिक्षार्थीको् रजिष्ट्रेशन र परिक्षा फाराम दस्तुतर प्रति विद्यार्थी | १००।०० |
| ९० | संस्थागत विद्यालयका विद्यार्थीहरुको लागि कक्षा ८ का परिक्षा शुल्क | ४००।०० |

| | | |
|---|---|---|
| ९१ | प्रबेश पत्र अनुसार नाम थर जन्ममिति बाबुको नाम आमाको नाम सच्चाउने | २००।०० |
| ९२ | जन्मदर्ता अनुसार जन्ममिति सच्याउने | ५००।०० |
| ९३ | नागरिकता अनुसार जन्ममिति सच्याउने | ५००।०० |
| ९४ | लेखापरिक्षक नियुक्तिका लागि दस्तुर | ५००।०० |
| ९५ | गुठीको विधान दर्ता शुल्क | २०००।०० |
| ९६ | संस्थागत विद्यालयको हरेक वर्ष शुल्क निर्धारण गर्दा दस्तुर | २०००।०० |
| ९७ | संस्थागत विद्यालय वर्गीकरण दस्तुतर | १०००।०० |
| ९८ | संस्थागत विद्यालयले छिमेकी देशबाट विज्ञान सामाग्री वा अन्य सामाग्री खरिद गर्दा गरिने सिफारिस दस्तुतर | २०००।०० |
| ९९ | शैक्षिक तथ्यांक अद्यावधिक नगर्ने विद्यालयलाई जरीवाना | २०००।०० |
| १०० | संस्थागत विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष मनोनयन दस्तुर | १०००।०० |
| १०१ | विद्यालयको नाममा जग्गा नामसारी रजिष्ट्रेशनको लागि मालपोतलाई सिफारिस | १०००।०० |
| १०२ | विद्यालयको नाममा जग्गा दर्ता गर्दा गरिने सिफारिस | १०००।०० |
| १०३ | विद्यालयको लालपूर्जा भएको जग्गामा भएका रुख कटानी गर्नका लागि सिफारिस दस्तुतर | १०००।०० |
| १०४ | पाठ्यपुस्तक डिपो सिफारिस दस्तुर | १५००।०० |
| १०५ | संस्थागत विद्यालय नविकरण दस्तुर | २०००।०० |
| १०६ | न्यायिक समितिमा निवेदन दस्तुर | ५०।०० |
| १०७ | नक्शा पासका लागि सुचिकृत कन्सल्टेन्सी दस्तुर | ३०००।०० |
| १०८ | मेलमिलाप कागजाको प्रतिलिपि दस्तुर प्रति पेज | १०।०० |
| १०९ | लेन देन बैना बट्टाको कागज प्रमाणित दस्तुर | ५०० |

## अनुसुची (१३)

पर्यटन शुल्क :

पर्यटक शुल्कको दररेट

१) खजुरा गाऊं कार्य पालिकाले तोकेका स्थानहरुमा तोके बमोजिम पर्यटक शुल्क लिने छ।

मैले माथी उल्लेखित करहरुलाई आर्थिक ऐन २०७८ मा समावेश गरि २०७८ श्रावण १ गते देखि लागु गर्न प्रस्ताव गरेको छु।

# अनुसुची (१४)

**घर नक्शा पास दस्तुरः**

खजुरा गाउँपालिका भित्र रहेका घर नक्शा पास गर्दा देहाय बमोजिम दस्तुर लिई नक्शा पास गरिने छ ।

| सि.नं. | स्थान | दर प्रति वर्गफिट | कैफियत |
|---|---|---|---|
| १. | नेपालगञ्ज गुलरिया सडक खण्डको दायाँ/बाँया | रु. ७।- | (नयाँ/पुरानो) |
| २. | माथि उल्लेखित स्थान भन्दा बाहेकको स्थान | रु.६।- | |
| ३. | स्कुल कलेज,व्यापारी उद्योग | रु.७।- | |
| ४. | निजी स्कुल कलेज,व्यापारी उद्योग नयाँ मापदण्ड बाहेकको घर | रु.६।- | |
| ५. | ट्रस  घर निर्माण | रु.५।- | |
| ६. | सामुदायिक विद्यालय, पव्लिक क्याम्पसको घर | निशुल्क | |

निर्णय नं. २

आज बसेको राजश्व परामर्श बैठकमा गहन छलफल भई स्थानीय सरकार संचाल ऐन २०७४ को दफा ६५(२) बमोजिम राजश्व परामर्श समितिमा भएको काम कर्तव्य र अधिकार  प्रयोग गरि गाउँपालिकाको राजश्व सुधारका लागि देहाय बमोजिम परामर्श दिने सर्वसम्मत निर्णय गरियो ।

सुझावहरु:

१) वडाबाट प्राप्त हुन आएको राजश्व रकमको आधारलिई आगामी आ.व.का लागि वडामा  रकम विनियोजन गरिनु पर्ने ।

२) मालपोत कार्यालयलाई स्थानीय स्तरमा गरिएको मुल्यांकनका आधारमा यस गाउँपालिका भित्र पर्ने जग्गाहरुको न्यूनतम मुल्यांकन कायम राख्न जिल्ला भित्रको मुल्यांकन समितिलाई अनुरोध गर्ने ।

३) राजश्व संकलन तथा राजश्व वृद्धि गर्नका लागि जनचेतनामुखी कार्यक्रम राख्ने ।

४) गाउँपालिकामा आर्थिक प्रशासन भित्र रही कार्य गर्ने गरि राजश्व प्रशासन उपशाखा कायम गरि जनशक्ति व्यवस्थापन गर्ने ।

५) साविकमा उठाइ रहेको सम्पत्ति कर, बहाल कर उठाउन सबै तहबाट एक कार्यदल गठन गरि कार्यान्वन गर्न निर्देशन दिने ।

६) स्थानीय स्तमा संचालन भएका तिन पांग्रे सवारी साधनका लागि निति तथा मापदण्ड तयार गर्ने र यातायातको रुट निर्धारणका लागि आवश्यक नियमन गर्ने ।

७) सम्पूण व्यापारि, उद्योगीहरुलाई राजश्वको दायारा भित्र ल्याउन विभिन्न कार्यक्रमहरु संचालन गरि राजश्व वृद्धि गर्ने ।